धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६७ ◆ २०८३ असोज ७ बुधबार ◆ Wednesday, September 23, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/–

# बंगालको खाडीमा विकसित भइरहेको प्रणालीबाट नेपालमा पर्न सक्ने प्रभावबारे मन्त्रीद्वयबाट जानकारी

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र गृहमन्त्री सुधन गुरुङले 'मौसम पूर्वानुमान एवं बुधबारदेखि देशभर वर्षाको गतिविधि बढ्ने भन्ने' विषयमा जानकारी लिनुभएको छ ।

मौसम विज्ञान विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाले बङ्गालको खाडीमा विकसित भइरहेको न्यूनचापीय प्रणालीको प्रभावले बुधबारदेखि वर्षाको गतिविधि बढ्ने जनाएको थियो । बङ्गालको खाडीमा विकसित भइरहेको बलियो न्यूनचापीय क्षेत्रबारे जानकारी लिन मंगलबार मन्त्रीद्वय मौसम विज्ञान विभाग पुग्नुभएको हो । उहाँहरूले पानी पार्ने प्रणालीबाट नेपालमा पर्न सक्ने प्रभावबारे विभागका अधिकारीबाट ब्रिफिङ लिनुभएको विभागले जनाएको छ ।

"उक्त प्रणालीको प्रभावले आज (बुधबार) देखि नै नेपालमा पानी पर्ने गतिविधि बढ्न सक्छ । यसबारे विभागले नियमित जानकारी गराउने छ", विभागले जनाएको छ ।

# २० औँ एसियाली खेलकुदः टेबलटेनिसमा इभाना-रुवीनको जोडी विजयी

काठमाडौँ । जापानको इची-नागोयामा भइरहेको २०औँ एसियाली खेलकुद प्रतियोगिता अन्तर्गत टेबलटेनिसको मिक्स डबल्सतर्फ नेपालका इभाना थापा र रुवीन महर्जनको जोडी विजयी भएको छ ।

जापानको स्काइ हल टोयोटामा मंगलबार भएको पहिलो चरणको खेलमा इभाना र रुवीनले पाकिस्तानका मुहम्मद खान र कल्सुम खानको जोडीलाई ३-० ले पराजित गरे ।

नेपालले पहिलो सेट ११-६ अङ्क, दोस्रो सेट ११-८ अङ्कले तथा तेस्रो सेट ११-४ अङ्कले जितेको हो । इभाना र रुवीनको जोडीले बुधबार हङकङका खेलाडीसँग प्रतिस्पर्धा गर्ने छ ।

सोही स्पर्धामा नेपालका संयोग कपाली र नविता श्रेष्ठको जोडी भने पहिलो चरणबाटै बाहिरियो । मङ्गोलियाका अन्खबायर बिल्गुन र सेर ओड अन्खमाको जोडीसँग कपाली र श्रेष्ठको जोडी ३-१ पराजित भएको हो । नेपालले सुरुआती सेट ११-२ अङ्कले जितेको थियो । त्यसपछि मङ्गोलियाले लगातार तीन सेट आफ्नो पक्षमा पार्यो । मङ्गोलियाले दोस्रो, तेस्रो र चौथो सेट क्रमशः ६-११, ६-११ र ९-११ अङ्कले जित्यो ।

# रासायनिक मल आपूर्ति गर्न अर्थ मन्त्रालयबाट १० अर्बको स्रोत सहमति

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आगामी याममा किसानलाई आवश्यक पर्ने रासायनिक मल सहज रुपमा आपूर्ति गर्न तयारी अघि बढाउनुभएको छ ।

आगामी यामका लागि आवश्यक रासायनिक मल खरिद गर्न अर्थ मन्त्रालयबाट रु १० अर्ब बराबरको स्रोत सहमति प्राप्त भएको छ । स्रोत सहमति प्राप्त भएसँगै उक्त रकमबाट आवश्यक मल खरिदका लागि टेन्डर आह्वान गर्ने प्रक्रिया अघि बढाउने तयारी गरिएको मन्त्री चौधरीको सचिवालय ले जनाएको छ । समयमै मलको व्यवस्थापन गरी किसानले खेती गर्ने समयमा मल अभाव व्यहोर्न नपरोस् भन्ने उद्देश्यले खरिद प्रक्रिया र आपूर्ति व्यवस्थापनलाई प्राथमिकता का साथ अघि बढाउन मन्त्री चौधरीले निर्देशन दिनुभएको हो ।

# दिवा खाजा प्रवर्द्धनको प्रतिबद्धता

कपिलवस्तु । आधारभूत विद्यालय तहमा अध्ययनरत विद्यार्थीको पोषण अवस्था, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधारका लागि दिवा खाजा तथा पोषण बगैँचा कार्यक्रमलाई प्रभावकारी बनाउने प्रतिबद्धता गरिएको छ ।

बुद्धभूमि नगरपालिकाका-.५, ६, ७, ८ र १० अन्तर्गतका ३३ विद्यालयलाई लक्षित गरी आयोजित विद्यालय दिवा खाजा तथा विद्यालय पोषण बगैँचासम्बन्धी पैरवी कार्यक्रममा सहभागी सरोकारवालाले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा बुद्धभूमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यमकान्त पाण्डेले दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको स्वास्थ्य र शिक्षासँग जोडेर प्रभावकारी रूपमा सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । पोषण सुधारसँगै विद्यालयको सरसफाइ र स्वच्छतालाई समेत प्राथमिकता दिइनुपर्ने बताउनुभयो ।

# प्रधानमन्त्रीको भ्रमणमा जलवायु र राष्ट्रिय हितका विषय उठाउन माग

❑ *लोकेश धामी*

काठमाडौँ । सांसदहरूले संयुक्त राष्ट्रसङ्घको महासभामा नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विपद् व्यवस्थापन र अन्तरराष्ट्रिय सहकार्यका विषय विश्वसामु प्रस्तुत गर्न प्रधानमन्त्री वालेन्द्र शाहलाई सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको विशेषमा भाग लिँदै उहाँहरूले महासभामा भाग लिने क्रममा प्रधानमन्त्रीले विपद् प्रभावितका लागि राहत तथा पुनःस्थापनामा सहयोग गर्न अन्तराष्ट्रिय समुदायसँग अपिल गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद साजिदा खातुन सिद्धिकीले प्रधानमन्त्रीको भ्रमणमा अन्तराष्ट्रिय समुदायसमक्ष नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विकासको आधारलगायतका विषय प्रस्तुत गर्नुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका सांसद सुशीला ढकाल ( आचार्य) ले महासभामा सम्बोधन गर्दा प्रधानमन्त्रीले जलवायु परिवर्तनको असरबाट उत्पन्न पीडा विश्वसामु प्रमाणसहित राख्न सुझाव दिनुभयो । अन्तराष्ट्रिय सहयोगको कुरा गरिरहँदा देशभित्र प्रभावितको राहत र पुनःस्थापनाप्रति समेत जिम्मेवारी स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो ।

रास्वपाका सांसद सुष्मा स्वर्णकार (डिम्पल) ले प्रधानमन्त्रीको भ्रमण फलदायी र उपलब्धिमूलक हुने अपेक्षा गर्दै जलवायु न्यायका सन्दर्भमा नेपालको हिमालको आवाज तथा सीमान्तकृत समुदाय लगायत विषय सम्बोधन गर्न माग गर्नुभयो । नेपाली कम्युनिष्ट पार्टीका सांसद निराशा चौधरी (डगौरा) ले कञ्चनपुरमा वन्यजन्तुबाट भइ रहेको जनधनको क्षतितर्फ ध्यानाकर्षण गराउँदै दीर्घकालीन योजना बनाउन तथा वन्यजन्तु आरक्षण क्षेत्रका स्थानीयले भोग्दै आएको समस्या समाधान गर्न माग गर्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद रिमा विश्वकर्माले बलात्कार र हत्याजस्ता अपराधमा मृत्युदण्ड दिनुपर्ने आवाज उठिरहेका बेला त्यसको वैज्ञानिक आधार नभेटिएको बताउँदै अन्तरराष्ट्रिय अभ्यासबारे चर्चा गर्नुभयो । उहाँले अपराध न्यूनीकरणका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन सँगै राज्य संयन्त्र र समाज पनि उत्तिकै जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

रास्वपाका सांसद श्रद्धा कुँवर क्षेत्रीले चाडपर्व सुरु हुन लाग्दा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले जनता मारमा परेको बताउनुभयो । उहाँले बजार अनुगमन तीव्र बनाउन तथा सुपथ मूल्य केन्द्र सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो । रास्वपाका सांसद समीक्षा बाँस्कोटाले सुरक्षित मातृत्व र प्रजनन् सुरक्षाको हक कार्यान्वयन गर्न तथा यससम्बन्धी कार्यक्रम प्रभावकारी बनाउन माग गर्नुभयो । रास्वपाका सांसद कृपा महर्जनले नेवार समुदायको पर्व येँयाः पुन्हि ( इन्द्रजात्रा) को संरक्षणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । रास्वापका सांसद विना गुरुङले सवारी चालक अनुमतिपत्र नवीकरण का क्रममा भोग्दै आएको प्रक्रियागत झन्झट र कार्यालयको लापरबाही का कारण नागरिकले सास्ती भोगिरहेकातर्फ ध्यानार्कषण गराउनुभयो । रास्वपाका सांसद डा ओजस्वी शेरचनले शिक्षा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराउँदै तत्काल देशभरका सबै विश्वविद्यालय र पेशागत परिषद् बीच प्रभावकारी समन्वय गरी एकीकृत रूपमा शैक्षिक पात्रो लागू गर्न सुझाव दिनुभयो । रास्वपाका सांसद सुजाता तामाङले विश्व मञ्चबाट जलवायु जोखिम घटाउन विश्व समुदायलाई दबाब दिनुपर्ने बताउनुभयो ।

# फिल्म सोसाइटी र चलचित्र कलाकार सङ्घ अमेरिका शाखाद्वारा सहयोग

काठमाडौं । रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित नागरिक को राहत, उद्धार तथा पुनः स्थापनाका लागि नेपाल फिल्म सोसाइटी र नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाले आर्थिक सहयोग उपलब्ध गराएका छन् ।

नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लको नेतृत्वमा रु तीन लाख ३३ हजार ३३३ बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेगरी सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना लाई हस्तान्तरण गरिएको हो । त्यसैगरी, नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाका अध्यक्ष दिनेश कार्की र कलाकार मनोज आचार्यले रु एक लाख ५० हजार सहयोग जम्मा गरिएको भौचर मन्त्री तिमिल्सिनालाई हस्तान्तरण गर्नुभयो । दुवै संस्थाबाट गरी बाढी पीडितका लागि रु चार लाख ८३ हजार ३३३ सहयोग उपलब्ध भएको हो । सहयोग हस्तान्तरण कार्यक्रममा चलचित्र कलाकार सङ्घका अध्यक्ष उत्तम केसी, निवर्तमान अध्यक्ष मोहन निरौला, पूर्वअध्यक्ष रवीन्द्र खड्का तथा कलाकार शर्मिला मल्ललगायतको सहभागिता थियो । सो अवसरमा सञ्चारमन्त्री तिमिल्सिनाले विपद्को समयमा चलचित्र क्षेत्रबाट गरिएको सहयोग प्रति धन्यवाद व्यक्त गर्दै नेपाली चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरकार आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

बाढी पीडितको राहत तथा पुनःस्थापनाका कामलाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ छ । चलचित्र क्षेत्रलाई उद्योगका रूपमा विकास गर्न नीतिगत, कानुनी तथा आर्थिक पक्षमा सुधार गर्दै अघि बढ्ने सरकारको तयारी रहेको पनि उहाँले जानकारी दिनुभयो । चलचित्र विकास बोर्डलाई सबै चलचित्रकर्मी का लागि प्रभावकारी र समन्वयकारी संस्थाका रूपमा विकास गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न रु तीन करोड ५० लाख अनुदान विनियोजन गरिएको उल्लेख गर्नुहुँदै उक्त बजेट कार्यान्वयनका लागि 'सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान कार्यक्रमसम्बन्धी कार्यविधि, २०८३' निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । बजेटको उक्त कार्यक्रममार्फत सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको सञ्चार मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । उहाँले संसद्मा विचाराधीन चलचित्र विधेयक लाई प्रभावकारी र कार्यान्वयन योग्य बनाउने गरी काम भइरहेको जानकारी दिनुहुँदै चलचित्र क्षेत्रले लामो समयदेखि अपेक्षा गरेको नीतिगत तथा संरचनागत सुधार लाई प्राथमिकतामा राखिएको बताउनुभयो । चलचित्रमार्फत अन्तराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने प्रयासलाई सरकारले प्रोत्साहन गर्ने उल्लेख गर्दै उहाँले चलचित्र क्षेत्रको विकासका लागि राज्यको सहयोग लाई नीतिगत, कानुनी तथा आर्थिक पक्षसँग जोडेर अघि बढाइने बताउनुभयो ।

# भोटेकोशी बाढीमा बेपत्ता सिपाही कुमालको २७ दिनपछि अन्त्येष्टि

❑ *प्रत्यूष समाचारदाता*

दमौली (तनहुँ) । रसुवाको भोटेकोशीमा गएको बाढीमा परी २७ दिनदेखि बेपत्ता नेपाली सेनामा कार्यरत तनहुँकी कृति कुमालको परिवारले अन्ततः उहाँको कुशको शव बनाएर अन्त्येष्टि गरेको छ ।

व्यास नगरपालिका-५ की कुमाल रसुवाको टिमुरेस्थित श्रीनाथ गणमा सिपाही पदमा कार्यरत हुनुहुन्थ्यो । भोटेकोशीमा गएको बाढीपछि बेपत्ता उहाँको खोजीका लागि निरन्तर प्रयास गरिए पनि हालसम्म अवस्था पत्ता लाग्न नसकेपछि परिवारजनले मंगलबार व्यास नगरपालिका-५ स्थित घाटमा कुशको शव बनाएर दाहसंस्कार गरेका हुन् ।

विसं २०६२ असोज ३० गते जन्मिनुभएकी कुमाल २०८१ सालमा नेपाली सेनामा भर्ती हुनुभएको थियो । नेपाली सेनामा सेवा सुरु गरेपछि उहाँ रसुवाको टिमुरेमा रहेको श्रीनाथ गणमा कार्यरत हुनुहुन्थ्यो ।

शव भेटिने सम्भावना न्यून हुँदै गएपछि धार्मिक तथा सामाजिक परम्पराअनुसार कुशको शव बनाएर



दाहसंस्कार गरिएको उहाँका पिता अमर कुमालले बताउनुभयो । कुमालको दाहसंस्कारअघि व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट नेपाली सेनाको टुकुडीले घाट पुगेर उहाँप्रति श्रद्धाञ्जली अर्पण गरेको थियो । त्यसपछि उहाँका हजुरबुबा गुरुबहादुर कुमालले कुशको शवमा दागबत्ती दिनुभएको थियो ।

सम्पादकीय ....

## विपद्प्रति गम्भीर बनौं ।

आगामी ८ गतेदेखी १२ गतेसम्लाई नेपालका विभिन्न ठाउँमा साना, मध्यम तथा भारी वर्षाका सम्भावना हुनसक्ने आंकलन गरिएको छ । भर्खरै मात्र नेपालको इतिहासमा निकै ठुलो विपद् भोग्नुपरेको कारण आगामी सम्भावित वर्षले पनि एक पटक नागकिलाई भस्काएको छ ।

विपद्का घटना अचानक हुन सक्छन् र त्यसले मानवीय, आर्थिक, भौतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा ठुलो क्षति पुऱ्याउन सक्छ । विपत् आइसकेपछि मात्र व्यवस्थापन गर्न खोज्दा क्षति नियन्त्रण गर्न कठिन हुन्छ । विपत् जोखिम न्यूनीकरण, पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई सधैँ प्राथमिकता दिनु पर्छ । विपत्को समयमा एक देशले अर्को देशसँग उद्धार तथा राहतका लागि सहकार्य गर्नु, आपसी विश्वास बढाउनु, स्रोतसाधन परिचालन गर्नु, प्रविधि तथा सूचना आदानप्रदान गर्नु, सम्भावित सीमापार प्रभावको मूल्याङ्कन गर्नु तथा संयुक्त रूपमा जोखिम न्यूनीकरण गर्नु विपत् कूटनीतिका आधारभूत पक्ष हुन् । यसमा राज्य संयन्त्रको महत्वपूर्ण भूमिका अवश्य नै रहन्छ ।

विपद् जोखिम न्यूनीकरणलाई सरकारको मात्र जिम्मेवारी नभई स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालाबिचको साझेदारीको विषयका रूपमा अघि सार्नुपर्छ । त्यसैले विपत् कूटनीति परराष्ट्र मन्त्रालयको मात्र विषय नभएर यो सम्पूर्ण राज्य र समाजको साझा राष्ट्रिय दायित्व हो । विपत्को घटना यसको प्रभाव विदेश नीतिमा मात्र पर्दैन; गृह प्रशासन, स्थानीय तह, स्वास्थ्य, शिक्षा, जलस्रोत, ऊर्जा, सञ्चार, पूर्वाधार, वातावरण, रक्षा, पर्यटन, अर्थतन्त्र र सुरक्षा सबै क्षेत्रमा असर पर्छ । त्यसैले यी सबै क्षेत्रबिच समन्वय हुनु जरुरी देखिन्छ ।

नेपालले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय तहमा विपत् कूटनीति अन्तर्गत सहकार्य गर्दै आएको छ । भारत र चीनसँग साझा नदी, हिमाली भूगोल र जलवायु परिवर्तनका जोखिमविरुद्ध पूर्वसूचना, उद्धार तथा राहतका संयन्त्र भए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । क्षेत्रीय तहमा सार्क र बिम्स्टेक महत्वपूर्ण मञ्च हुन् । दक्षिण एसियाली क्षेत्रमा साझा विपत् व्यवस्थापन आवश्यक भए पनि सार्कमा देखिएको राजनीतिक तनाव र संस्थागत निष्क्रियताले यसको प्रभावकारितामा चुनौती थपेको छ ।

हिमालयको जलवायु जोखिम र जलवायु न्यायको मुद्दा उठाइँदै आए पनि कूटनीतिक रूपमा कमजोर राष्ट्रले क्षतिपूर्ति पाउन भने कठिन छ । विज्ञहरूका अनुसार क्षतिपूर्ति प्राप्त गर्नका लागि प्रक्रिया, वैज्ञानिक प्रमाण र प्रभावकारी लबिङ आवश्यक पर्ने हुनाले साना र विपत् कूटनीतिमा कमजोर राष्ट्रले सजिलै क्षतिपूर्ति पाउन सक्ने स्थिति रहेको देखिन्न ।

नेपालको विपत् कूटनीतिमा धेरै सम्भावना छन् । पहिलो सम्भावना, भारत र चीनसँग प्राविधिक, वित्तीय तथा वैज्ञानिक सहकार्य विस्तार गर्न सकिन्छ । भूकम्पीय जोखिम, बाढी पूर्वानुमान, नदी निगरानी, पहिरो जोखिम मूल्याङ्कन, उपग्रह चित्र, आपत्कालीन स्वास्थ्य सेवा र खोज तथा उद्धारमा सहकार्य गर्न सकिन्छ । दोस्रो, सीमापार नदी सहकार्यलाई थप संस्थागत बनाउन सकिन्छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# पैरेटो सिद्धान्तबाट मल्टीब्यागर स्टकको खोजी

अचुतकुमार ओझा

पुँजी बजार लगानीमा सफलताका लागि लगानीकर्ताले आ-आफ्नो रणनीति बनाउने गर्दछन् । कोही लगानीकर्ता छोटो समयका लागि लगानी गर्छन्, केही लगानीकर्ताले लामो समयका लागि लगानी गर्छन् । लगानीकर्ताको आफ्नो आवश्यकता, क्षमता, योग्यता र उपलब्ध समयको आधारमा लगानीमा फरक रणनीति रहने गर्दछ । एकथरी लगानीकर्ता नियमित लाभांश प्राप्तिका लागि पुँजी लगाई रहेका हुन्छन्, यी भन्दा फरक थरी लगानीकर्ता लाभांश र पुँजीगत लाभका लागि लगानी गर्छन् ।

अर्काथरी लगानीकर्ता व्यवसाय र कम्पनीको नेतृत्वमा जानका लागि लगानी बढाई रहेका हुन्छन् । यी सबैका रणनीति र आकाङ्क्षा आफ्नो लगानीलाई सफलतापूर्वक वृद्धि र विस्तार गर्नु हो । यसका लागि आफू अनुकूलको लगानी सिद्धान्त प्रयोग गर्नु हरेक सफल लगानीकर्ताको रणनीतिक सुझबुझ बन्न जान्छ । लगानीमा एकै किसिमको रणनीतिले सफलता को शिखरमा पुग्न दिँदैन । यसका लागि परिस्थितिअनुसार उपयुक्त सिद्धान्तलाई हतियार बनाउन सक्नु नै लगानी कुशलता को साँचो हुन जान्छ ।

के हो पैरेटो सिद्धान्त ?

अर्थशास्त्री विल्फ्रेडो पैरेटोले सन् १८९५ मा यस सिद्धान्तको बारेमा पहिलो पटक लेखेका थिए । समाजमा मानिस स्वभाविक रुपले दुई भागमा बाँडिएका हुन्छन् । पहिलो महत्वपूर्ण अल्पमत हो, जो पैसा र प्रभावको सन्दर्भमा शीर्षस्थ २० प्रतिशतभित्र रहन्छन् । दोस्रो तुच्छ बहुमत हो, जो ८० प्रतिशतमा रहेका हुन्छन् । यही सिद्धान्त लगभग सारा आर्थिक गतिविधिको वास्तविकता हो । तपाईंको २० प्रतिशत प्रयासले ८० प्रतिशत परिणाम दिलाउँछ, तपाईंको २० प्रतिशत उत्पादनले ८० प्रतिशत आम्दानी दिन सक्छ । तपाईंसँग भएको २० प्रतिशत ग्राहकले नै ८० प्रतिशत वस्तु तथा सेवा खरिद गरिरहेका हुन्छन् । तपाईंको कम्पनीको २० प्रतिशत कर्मचारीले ८० प्रतिशत कामको व्यवस्थापन गरिरहेका हुन्छन् ।

पैरेटो सिद्धान्तको असली अर्थ थोरैले धेरै परिणाम दिन्छ भन्ने बुझाई हो । त्यो धेरै परिणाम दिने काम, लगानी बिक्री, ग्राहक, कर्मचारी, वस्तु वा सेवा पहिचान गर्न सक्नु नै सफलताको मूल आधार हो । पैरेटो सिद्धान्तलाई ८०/२० को सिद्धान्तले चिनिन्छ । यसको अर्थ तपाईंले गर्ने २० प्रतिशत कामले ८० प्रतिशत परिणाम दिन्छ । बाँकी ८० प्रतिशत कामले २० प्रतिशत मात्रै परिणाम दिने गर्छ । यस सिद्धान्त जीवनका हरेक क्षेत्रमा प्रयोग गरेर हेर्न सकिन्छ । तपाईंले खर्च गरिरहेको समयमध्ये ८० प्रतिशत समय आलटाल र परिणामुखी काममा खेर गइरहेको हुन सक्छ बाँकी २० प्रतिशत समय मात्रै परिणाममुखी कार्यमा खर्च भएको हुन सक्छ । यसलाई पहिचान गरेर बचाउन सक्ने हो भने उक्त समयलाई उपलब्धिमूलक कार्यमा प्रयोग गर्न सकिन्छ । तपाईं ले गरेको २० प्रतिशत लगानीको कारण ८० प्रतिशत प्रतिफल पाइरहनु भएको हुन्छ । अनि ८० प्रतिशत लगानीले केवल २० प्रतिशत आम्दानी गरिरहेको हुन्छ । यसैको खोजी गर्नु र त्यसबाट आफूलाई लाभावित गर्नु नै पैरेटो सिद्धान्तको मूल ध्येय हो । यस सिद्धान्तले काममा कुशलता, परिणाममा वृद्धि, लगानीमा सफलता, प्रतिफलमा उच्चता र जीवनमा समयसँगै मुनाफा बढोत्तरी गर्न मद्दत पुग्ने देखिन्छ ।

लगानीमा पैरेटो सिद्धान्तले कसरी काम गर्छ ?

विश्वमा आम्दानी र सम्पत्ति कसरी बाँडिएको छ भन्ने विषयमा तयार गरिएको विश्व असमानता प्रतिवेदन २०२५ को तथ्याङ्कलाई हेर्दा विश्वका माथिल्लो १० प्रतिशत मानिससँग ७५ प्रतिशत सम्पत्ति, बीचका ४० प्रतिशतसँग २३ प्रतिशत र तल्लो ५० प्रतिशतसँग केवल दुई प्रतिशत सम्पत्ति रहेको देखिन्छ । विश्वमा भएका सम्पत्तिलाई रु१०० र जम्मा जनसङ्ख्या १०० बराबर मान्ने हो भने धनी दश जना (१० प्रतिशत) सँग रु ७५, बीचका ४० जना (४० प्रतिशत) सँग रु २३ र गरिब ५० जना (५० प्रतिशत) सँग रु दुई मात्र हुन्छ । तब यो कसरी सम्भव भयो भनेर धनसम्बन्धी अध्ययन गर्ने विश्वका महारथी हरुका अनुसन्धानले के निष्कर्ष निकाल्यो भने ५० प्रतिशत मानिससँग भन्दा १० प्रतिशत मानिससँग ३७ दशमलव पाँच गुणा बढी सम्पत्ति जम्मा हुनुको मूलकारण उनीहरुसँग ती कम्पनी र आयोजनाहरु छ, जसले ९० प्रतिशत मानिससँग भएको आयोजनाले भन्दा सयौं गुणा बढी आम्दानी र मुनाफा दिन सक्छन् । यसैले धनी अझै धनी हुँदै धन जम्मा गर्न सफल भएका छन् ।

धनीहरुले के बुझेका छन् भने हरेक लगानी र आयोजना मल्टिब्यागर हुन सक्दैनन् तर जोसँग यस्ता परियोजनाहरु छन्, तिनीहरुलाई एक प्रतिशत धनीको श्रेणीमा उक्लिन कसैले रोक्न सक्दैन । यसको अर्थ के हो भने तपाईंसँग कतिवटा व्यवसाय छ भन्ने भन्दा ती व्यवसायले कति प्रतिफल दिनसक्छ भन्ने महत्वपूर्ण हुने गर्छ । कयौं व्यवसाय भएका व्यक्ति पनि बैंककरप्ट हुने गर्छन् । अनि केही राम्रा व्यवसाय भएका व्यक्ति सम्पन्न भएका देखेका छौं । कुनै समय एउटा मिलिनियर जन्मन कयौं दशक लाग्थ्यो, समय बदलियो यो क्रम एकै दशकमा सम्भव देखियो । यस्तो समय यसरी द्रुतगतिमा घट्यो यो पाँच वर्षमा सम्भव हुन आयो, आजकाल यो एक दुई वर्षमा सम्भव हुने गरेको छ ।

तपाईंको धन वृद्धि तपाईंले छनोट गर्नुभएको व्यवसायमा निर्भर गर्छ । जब तपाईंले छनोट गर्नुभएको कम्पनीले अन्यले भन्दा कयौं गुणा बढी लाभ दिनसक्ने क्षमता राख्छ, अरुसँग १०, २० वा ३० वटा परियोजना भए पनि तपाईंको एउटै व्यवसाय भारी पर्ने गर्छ । लगानी गर्दा सबै व्यवसाय एकै किसिमको हुँदैन, तपाईंसँग भएका १० व्यवसायमध्ये दुईवटाले दिने लाभ बाँकी आठवटाले दिनेभन्दा बढी हुन सक्छ । यस्तै बजारमा शेयर बिक्री गरेर नेप्सेमा दर्ता भएका कम्पनीहरु मध्ये २० प्रतिशतले जति प्रतिफल दिन सक्छन् ८० प्रतिशतले त्यो मुनाफा दिन सक्दैनन् । तपाईंले खरिद गरेका शेयरमध्ये २० प्रतिशतले जुन मुनाफा तपाईंलाई दिने गरेको छ बाँकी ८० प्रतिशतले सो बराबरको नाफा नदिन सक्छ । कयौं परिस्थितिमा त नकारात्मक परिणामसमेत देखिने गर्छ ।

नेप्सेमा हेर्ने हो भने युनिलिभर नेपाल, राष्ट्रिय बीमा कम्पनी, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र बोटलर्स नेपाल (तराई) लिमिटेडले दिएको प्रतिफल त्यही समयमा अन्य कम्पनीको तुलनामा सयौं गुणा बढी हुने गर्छ । पैरेटो सिद्धान्तले लगानीकर्तालाई गराउने सजगता र सुझाव भनेकै तपाईं त्यस्तो स्टकको खोजीमा लाग्नुहोस् जुन स्टक २० प्रतिशतभित्र परुन् । अर्थात् तपाईंसँग भएको ८० प्रतिशत शेयरले बराबर वा अझ बढी प्रतिफल २० प्रतिशत शेयरले दिइरहेको हुने गर्छ । तपाईंले त्यो २० प्रतिशतलाई चिनेर मात्रै आफ्नो लगानी गर्नु बढी बुद्धिमान हुने देखिन्छ । पैरेटोले भने जस्तै हामीले गर्ने लगानीको २० प्रतिशतले जुन लाभ दिन सक्छ ८० प्रतिशत लगानीले पनि नदिन सक्छ ।

पैरेटोले भने जस्तै २० प्रतिशत गतिविधिले दिने परिणाम ८० प्रतिशत कामले दिनेभन्दा उच्च हुन सम्भव छ भने लगानीमा पनि कयौं यस्ता अवसरहरु बजारमा हुने गर्छ, त्यसलाई पहिल्याउन जरुरत छ । चाहे व्यवसाय निमार्ण गर्ने कुरामा होस् वा पुँजी बजारमा लगानी गर्ने सवालमा हामीले त्यस्ता लाभदायक पारस पथर चिन्न सक्यौ भने आर्थिक सफलता सजिलै सम्भव देखिन्छ । यस्ता कयौं राष्ट्रिय र अन्तरराष्ट्रिय अवस्थाहरुलाई उदाहरणको रुपमा हामीले हेर्न सक्छौं, (जस्तै मेटा कम्पनी, क्रिप्टो करेन्सी, अमेजन, एप्पल र टिकटक कम्पनी आदि) जुन कम्पनी र त्यसको शेयरमा सुरुआती दिनमा जसले लगानी गरे ती लगानीकर्ताले सधैं अथाह लाभ पाइरहेका छन् ।

पुँजी बजारमा ८०/२० को नियम कसरी लागू गर्न सकिन्छ ?

पैरेटो सिद्धान्तको मूल मर्म नै २० प्रतिशतबाट ८० प्रतिशत प्रतिफल आउने गर्छ भन्ने विश्वास हो । त्यसो हो भने हरेक लगानीकर्ताले यो सिद्धान्त थाहा पाएसँगै उसले लगानीमा बदल्नुपर्ने रणनीति भनेकै अब ८० प्रतिशतमा नभई २० प्रतिशतमा पर्ने कम्पनी र शेयरको खोजी गर्नु र त्यसैमा आफ्नो धन लगाउनु हो । 'कमन स्टक अनकमन प्रोफिट'का लेखक फिलिप फिसरले भने जस्तै "शेयरहरु हेर्दा उस्तै देखिएता पनि त्यसले दिने प्रतिफल भने फरक हुने गर्दछ ।" मात्रै लगानीकर्ताले आफ्नो ज्ञान, योग्यता, क्षमता, पुँजी र समयमा सुहाउँदो शेयर खोज्न सक्ने हो भने मल्टिब्यागर स्टक पाउने निश्चित छ ।

अन्त्यमा लगानीलाई बढी प्रतिफलमुखी र उच्च सम्पत्ति सिर्जना गर्ने बजाउन थप अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरी अवसर खोज्ने बानीको विकास गर्न आवश्यक छ । आफ्नो लगानीलाई तुच्छ बहुमत ८० प्रतिशतबाट महत्वपूर्ण अल्पमत २० प्रतिशतमा सार्न सक्नु नै लगानी सफलताको मुख्य आधार हो । लगानीकर्ताले अब नअमल्ली पैरेटो सिद्धान्तले देखाएको प्रतिफलमुखी बाटोमा आफ्नो लगानीका पाइला लाई अगाडि बढाउन सक्नुपर्छ । यसबाट लगानीमा सफलता भेटाउन सकिन्छ । (लेखक पुँजी बजारका अध्ययता हुनुहुन्छ)

# मूर्तिकार कुमालेको निधन

ललितपुर । वरिष्ठ मूर्तिकार क्रोधकला शिरोमणि कालु कुमालेको ९४ वर्षको उमेरमा निधन भएको छ ।

उहाँको मंगलबार दिउँसो ललितपुरस्थित सुमेरु सिटी अस्पतालमा उपचारको क्रममा निधन भएको छोरा राकेश अवालेले जानकारी दिनुभयो ।

वरिष्ठ मूर्तिकार कुम्हाःले ८१ वर्षको उमेरदेखि तीन वर्ष लगाएर निर्माण गर्नुभएको मूर्ति पाटन सङ्ग्रहालयमा प्रदर्शित छ । उहाँले निर्माण गर्नुभएको मूर्तिकला विश्वका ५५ भन्दा बढी राष्ट्रमा पुगेको छ । नेपालको मौलिक धातु मूर्तिकला र नेवारी शिल्पकलालाई विश्वभर चिनाउन उहाँको ठूलो योगदान छ । उहाँद्धारा नेपालका विभिन्न सङ्ग्रहालय र मठमन्दिरमा समेत कुमालेका सिर्जना प्रदर्शित छन् । गत वर्ष पाटन सङ्ग्रहालय विकास समितिद्वारा उहाँलाई मूर्तिकलाका क्षेत्रबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा पुर्याएको योगदानको कदरस्वरुप सम्मान गरिएको थियो । स्वर्गीय कुमालेले आफ्नो पुर्खौली कुम्हाः (माटोका भाँडा बनाउने) पेसालाई परिमार्जन गर्दै धातुको मूर्तिकलामा रूपान्तरण गर्नुभएको थियो । उक्त सीप आफ्ना छोरा तथा नयाँ पुस्तालाई हस्तान्तरण गरी जीवित राख्नुभएको छ । यसैबीच, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले वरिष्ठ मूर्तिकार कुमालेको निधनले मर्माहत बनाएको समेत बताउनुभयो । महानगरपालिकाले उहाँको पार्थिव शरीरलाई महानगरपालिकाले सम्मानसहित अन्त्येष्टि गर्ने प्रमुख महर्जनले जानकारी दिनुभयो ।

# मुक्त कमैयाको पुनःस्थापना प्रदेश सरकारको प्राथमिकतामा

धनगढी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले मुक्त कमैयाको पुनःस्थापनाको विषयलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताउनुभएको छ ।

आफ्नो समस्या समाधानको मागसहित मंगलबार मुख्यमन्त्री निवास पुगेको मुक्त कमैयाको टोलीसँगको भेटमा मुख्यमन्त्री भट्टले लामो समयदेखि समस्यामा रहेका मुक्त कमैयाको जीवनस्तर सुधार तथा पुनःस्थापनाका विषयलाई सरकारले प्राथमिकतामा राखेको बताउनु भयो । उहाँले मुक्त कमैयाको आवास तथा जीविको पार्जनसँग जोडिएका समस्या समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको समेत बताउनुभयो ।

मुख्यमन्त्री भट्टले मुक्त कमैयाको आवास लगायतका समस्या समाधानका लागि आगामी बजेटमै आवश्यक व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । मुक्त कमैयाको समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने उहाँले बताउनुभयो ।

# प्रसारण लाइन निर्माणः प्रभावितलाई रु दश करोड ३३ लाख मुआब्जा

दमौली । मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए) नेपालअन्तर्गत तनहुँमा विद्युत् प्रसारण लाइन निर्माणको काम अघि बढेको छ । प्रसारण लाइन आयोजनाको रुट लट-२ अन्तर्गत रातमाटादेखि न्यु दमौलीसम्मको ४०.०२ किलोमिटर खण्ड तनहुँका पाँच पालिकाका १८ वडामा पर्नेछ ।

एमसिए नेपालका तनहुँ सम्पर्क अधिकृत हुमनाथ ढकालका अनुसार उक्त खण्डमा १९९ वटा प्रसारण लाइन टावर निर्माण हुनेछन् । आयोजनाको निर्माण व्यवसायी एन्जिलक स्कीपर जेभी इन्डिया रहेको छ । एमसिए नेपालअन्तर्गत निर्माण हुने प्रसारण लाइनको कुल लम्बाइ ७२.४५ किलोमिटर रहेको छ । तनहुँ खण्डमा निर्माण हुने टावरमध्ये १०५ वटा निजी जग्गामा र ७१ वटा सार्वजनिक जग्गामा निर्माण हुनेछन् ।

प्राविधिक कारणले २३ वटा टावरको काम हाल रोकिएको छ । ती टावरका लागि आवश्यक जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहण प्रक्रिया अघि बढाइएको ढकालले जानकारी दिनुभयो ।

आयोजनाबाट तनहुँमा २४१ घरधुरी प्रभावित हुनेछन् । टावर निर्माणका कारण २८४ वटा निजी कित्ता प्रभावित हुनेछन् भने आयोजनाका लागि कुल १२६.८६ रोपनी निजी जग्गा प्राप्त गर्नुपर्नेछ । आयोजनाबाट प्रभावित जग्गा धनीलाई मुआब्जा तथा क्षतिपूर्ति वितरणको कामसमेत अघि बढिरहेको छ । निर्णय भइसकेको कुल मुआब्जा तथा क्षतिपूर्ति रकम रु १७ करोड ६ लाख ८९ रहेको छ । त्यसमध्ये गत आर्थिक वर्षको असार मसान्तसम्म १७२ घरधुरी लाई रु दश करोड ३३ लाख ८८ हजार ७४४ मुआब्जा तथा क्षतिपूर्तिबापत वितरण गरिएको बताउनुभयो ।

बाँकी जग्गा अधिग्रहण गरी मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने काम चालु आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य एमसिए नेपालले लिएको छ । यससँगै प्रसारण लाइनका तारमुनि पर्ने जग्गा अर्थात् मार्गाधिकारको क्षतिपूर्ति निर्धारण तथा वितरणको प्रक्रिया पनि अघि बढाइनेछ । मार्गाधिकारअन्तर्गत प्रसारण लाइन निर्माणपछि तारमुनिको जग्गामा पर्ने असरका आधारमा सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था छ । यसका लागि आवश्यक प्रक्रिया पूरा गरी चालु आर्थिक वर्षमै क्षतिपूर्ति निर्धारण र वितरण गर्ने लक्ष्य रहेको ढकालले जानकारी दिनुभयो । विद्युत् उत्पादनतर्फका आयोजना र प्रसारण संरचनाबीच समन्वय कायम गर्दै उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न एमसिएअन्तर्गतको प्रसारण लाइन आयोजना महत्त्वपूर्ण मानिएको छ ।

तनहुँ खण्डमा जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरणसँगै रोकिएका टावरका लागि आवश्यक जग्गा व्यवस्थापनको काम अघि बढेपछि निर्माणले थप गति लिने अपेक्षा गरिएको छ ।

# सब-इन्जिनियरको पाखोबारीमा फलफूल

गुल्मी । गुल्मीको सत्यवती गाउँपालिका-४ एक्सिङ्गा कृषक फत्तमान थापाले सरकारी सेवासँगै आफ्नै पाखोबारीमा फलफूलखेती गरेर हराभरा बनाउनुभएको छ । सरकारी सेवामा सत्यवती गाउँपालिकामा सब-इन्जिनियरमा कार्यरत थापाले जागिरसँगै कृषिलाई सँगसँगै अघि बढाउनुभएको छ ।

सब-इन्जिनियर थापाले सुरुआती चरणमा करिब रु १० लाख लगानी गरी फलफूलखेती सुरु गर्नुभएको थियो । अहिले उहाँको बगैँचामा ५० भन्दा बढी प्रजातिका फलफूल तथा बहुमूल्य वनस्पति छन् । उहाँको बगैँचा व्यावसायिक कृषकदेखि कृषि विषय अध्ययन गर्ने विद्यार्थीका लागिसमेत पाठशाला बन्दै गएको छ । विसं २०५८ मा तत्कालीन जिल्ला विकास समितिबाट सरकारी सेवा सुरु गर्नुभएका थापाले इन्जिनियरिङ सेवाका क्रममा गाउँगाउँ पुग्दा देखेको कृषि सम्भावनालाई आफ्नै गाउँमा प्रयोग गर्ने सोचलेफलफूल खेती सुरु गरेको बताउनुभयो ।

"गाउँमा केही फल्दैन" भन्ने परम्परागत सोचलाई चुनौती दिँदै थापाले आफ्नो बगैँचालाई अन्य किसानका लागि सिकाइ केन्द्रका रूपमा विकास गर्नुभएको छ । उहाँको कृषि फार्ममा अहिले प्रतिगोटा रु ४०० देखि देखि रु ५०० सम्म मूल्य पर्ने करिब ३०० वटा ड्रागन फ्रुटका बिरुवा रहेका छन् । बगैँचामा चार रोपनी क्षेत्रफलमा ७०० बोट केरा र १०० भन्दा बढी एभोकाडो र ४४० वटा अगरउडका बोट छन् । उहाँको बगैँचामा आँप, सुन्तला, मेकाडेमिया नट, लिची लगायत विभिन्न फलफूलहरु समेत उत्पादन भइरहेका छन् । फलफूलखेती विस्तारमा थापालाई परिवारको पनि राम्रो साथ छ । थापाले फलफूलखेतीसँगै मसला बाली, मौरीपालन र पशुपालनलाई समेत जोडेर एकीकृत कृषिमा जोड दिँदै आउनुभएको छ ।

सत्यवती गाउँपालिकाले व्यावसायिक कृषकका लागि उत्पादनमा आधारित अनुदानका कार्यक्रमलाई प्राथमिकता दिएको गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेयले बताउनुभयो । उहाँका अनुसार स्थानीय भूगोल र हावापानीअनुसार विभिन्न प्रकारका फलफूल तथा कृषि बाली विस्तारमा जोड दिइएको छ । गाउँपालिकाको सहयोगमा स्थानीय किसानले माथिल्लो भूभागमा किवी, स्याउ, टिमुर, नास्पाती, हलुवाबेद, ओखर, सुन्तला, अलैँची र कागतीका बिरुवा लगाएका छन् । तल्लो तथा समथर भूभागमा आँप र लिचीजस्ता फलफूलखेती विस्तार गरिएको छ ।

कृषि पर्यटन प्रवर्द्धनका लागि पछिल्लो समय किवी, चिया, कफी तथा सुन्तला उत्पादनमा विशेष जोड दिइएको गाउँपालिका उपाध्यक्ष नीरमाया तरामुले जानकारी दिनुभयो । उहाँका अनुसार सत्यवतीको लुम्पेक क्षेत्रमा चिया तथा कफीखेती विस्तार गरिएको छ । सत्यवती गाउँपालिकाले पालिकाभित्र व्यक्तिगत, समूह, सहकारी तथा सार्वजनिक जग्गामा गरी ८३ हजारभन्दा बढी फलफूल तथा मसला बालीका बिरुवा लगाएको छ ।

किसानलाई उत्पादनमा प्रोत्साहन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने योजना पालिकाले अघि बढाएको उहाँले बताउनुभयो ।

# मन्त्री तामाङद्वारा भरतपुर आँखा अस्पतालको अनुगमन

चितवन । बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङले मंगलबार भरतपुर आँखा अस्पतालको अनुगमन गर्नुभएको छ ।

अनुगमनका क्रममा मन्त्री तामाङले त्यहाँ उपचाररत बिरामीसँग भलाकुसारी गर्नुभएको थियो । पर्साको ठोरीमा सञ्चालित आँखा अस्पतालमा उपचारका लागि आएका भारतीय बिरामी थप उपचारका लागि भरतपुर आएका बारे उहाँले चासो लिनुभएको थियो । ठोरीमा मोतियाबिन्दु र आँखामा पलाएका मासुको शल्यक्रिया बाहेकका शल्यक्रियाका लागि थप उपचारका लागि भरतपुर आउने गर्दछन् । उहाँहरुले मन्त्री तामाङसँग कुरा गर्दै आफूहरु आँखाको उपचार गर्न नेपाल आउने गरेका बताउनु भयो । अस्पतालको सेवा राम्रो भएको उहाँहरुको प्रतिक्रिया थियो । नेपाल नेत्रज्योती सङ्घ चितवनले सञ्चालन गरेका आँखा अस्पताल र उपचार केन्द्र गरी २५ स्थानबाट सेवा दिँदै आएको छ । वार्षिक १३ हजारको हाराहारीमा भारतीय बिरामी भरतपुर आँखा अस्पताल र त्यस मातहतका केन्द्रमा उपचारका लागि आउने गरेका छन् ।

मन्त्री तामाङले अस्पताल निरीक्षणपछि नेपाली मात्र नभएर भारतीय बिरामीको उपचार केन्द्र बनेकामा प्रसन्नता व्यक्त गर्नुभयो । बागमती प्रदेश सरकार र आँखा अस्पतालसँग सहकार्य गरेर आँखा उपचारमा लाग्नुपर्नेमा उहाँको जोड थियो । अस्पताल सञ्चालन भइरहेको जग्गा भरतपुर अस्पताल को नाममा भएकामा यसलाई सहजि-करण गरेर आँखा अस्पताल को नाममा हाल्न आफूले पहल गर्ने मन्त्री तामाङले बताउनुभयो ।

हाल आँखा अस्पताल सञ्चालनमा रहेको जग्गा सङ्घीय सरकारले मन्त्रीपरिषद्‌बाट आँखा अस्पताललाई उपलब्ध गराउने निर्णय भए पनि लालपुर्जा आँखा अस्पतालले पाएको छैन । मन्त्री तामाङले आँखा उपचारमा सामुदायिक क्षेत्रबाट भएको योगदान प्रशंसनीय रहेको बताउनु भयो । सो अवसरमा आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयराम श्रेष्ठले चितवन र छिमेकी जिल्लाहरुमा आँखा उपचारमा योगदान पुऱ्याउँदै आएको मन्त्री तामाङलाई जानकारी दिनुभयो । सरकारी, गैरसरकारी र नीजि क्षेत्रको सहयोगमा अस्पतालले आम नागरिकलाई सेवा दिन सकेको उहाँको भनाइ छ । हरेक वर्ष तीन लाखभन्दा बढी आँखाका बिरामीलाई सेवा दिने गरेको उहाँले जानकारी दिनुभयो ।

नेपाल नेत्रज्योती सङ्घ चितवनका उपसभापति तेजेन्द्र खड्का, सचिव केशव अधिकारी, वरिष्ठ अस्पताल प्रशासक दयाशङ्कर चौधरी लगायतले अस्पतालका बारेमा मन्त्री तामाङलाई जानकारी गराउनुभएको थियो ।

# गल्छी-स्याफ्रुबेँसी सडकखण्ड असोजभित्र सञ्चालनमा ल्याइने

काठमाडौँ । रसुवा बाढीबाट क्षतिग्रस्त गल्छी-स्याफ्रुबेँसी सडकखण्डमा असोज महिनाभित्र यातायात सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । सडक विभागका अनुसार हाल अधिकांश स्थानमा सडक मर्मतपछि यातायात सञ्चालन भइसकेको छ ।

सडक विभागका महा-निर्देशक डा विजय जैसीले गल्छी-स्याफ्रुबेँसीसम्मको सडक दसैँसम्म यातायात सञ्चालन गर्नेगरी काम भइरहेको बताउनुभयो । उहाँका अनुसार धादिङ-नुवाकोट जोड्ने कोल्पुखोलामा अस्थायी मर्मत सकिएर यातायात सञ्चालन भइसकेको छ । हाल उक्त स्थानमा स्थायी मर्मतका लागि ठेक्का प्रक्रिया सकाएर निर्माण व्यवसायीले काम सुरु गरिसकेका छन् ।

सोही सडकको रातोमाटेमा करिब २०० मिटर सडक बाढीले कटान गरेकामा 'ब्याक कटिङ' गरी यातायात सञ्चालनमा ल्याइ सकिएको छ । साथै नुवाकोटको देवीघाटमा पनि नेपाली सेनाले बेलीब्रिज जडान गरिसकेकाले गल्छीदेखि विदुरसम्म यातायात सञ्चालन भइसकेको छ ।

विभागका अनुसार विदुर देखि बेत्रावतीसम्म करिब १० किलोमिटरमध्ये नौ किलोमिटर सडकखण्ड खुलिसकेको छ भने करिब ३०० मिटर क्षेत्रमा पहिरोका कारण सडक अवरुद्ध छ । उक्त क्षेत्रमा नेपाली सेनाले 'ब्लास्टिङ' गरी दुवैतर्फबाट ट्रयाक खोल्ने काम सुरु गरिसकेको छ ।

उक्त स्थानमा केही दिनमा यातायात सञ्चालन हुने अपेक्षा गरिएको छ । त्यसपछि बेत्रावती र स्याफ्रुबेँसीमा बेलीब्रिज जडान बाँकी हुनेछ । उक्त दुई स्थानमा बेलीब्रिज जडान भएपछि गल्छी-स्याफ्रुबेँसी सम्म यातायात सञ्चालन हुनेछ । "रसुवाको बेत्रावेतीमा पुरानो पुल भएकै ठाउँमा बेलीब्रिज जडान गरिनेछ । यातायात संचालनका लागि पुरानो फाउण्डेसन भेटिएको छ, फाउण्डेसन मर्मत सकिएपछि बेलीब्रिज जडान गरिनेछ", महानिर्देशक जैसीले भन्नुभयो, "यसका लागि पहिले बिदुर-बेत्रावतीमा सडक निर्माण हुनुपर्नेछ ।" उक्त स्थानमा नेपाली सेनासँग भएको ७२ मिटर लामो बेलीब्रिज जडान गरिनेछ ।

बेत्रावतीपछि धुन्चेहुँदै स्याफ्रुबेँसीसम्म पनि सडकमा समस्या छैन । स्याफ्रुबेँसीमा भने एउटा बेलीब्रिज जडान गर्नुपर्नेछ । उक्त स्थानमा ७६ मिटरको बेलीब्रिज जडान गर्नेगरी डिजाइनको काम सुरु गरिएको छ । "स्याफ्रुबेँसीमा करिब ९० मिटरको पुल आवश्यक भए पनि उपलब्ध संरचनाअनुसार ७६ मिटरको बेलीब्रिज प्रयोग गर्ने तयारी गरिएको छ", विभागले भनेको छ । स्याफ्रुबेँसीबाट रसुवागढी तर्फ करिब १५ किलोमिटर सडक बाढीका कारण पूर्ण रूपमा प्रभावित छ । उक्त स्थानमा सर्भेक्षण सुरु भइसकेको छ । बाढीले कटान गरेको मुग्लिन-गल्छी सडकखण्डमा पर्ने कृष्णभीर मा नयाँ ट्रयाक खोल्ने काम सकिएर दुईतर्फी रुपमा यातायात सञ्चालन भइसकेको छ ।

# प्रतिनिधिसभा- विशेष समयः समसामयिक विषयमा ध्यानाकर्षण



काठमाडौँ । प्रतिनिधिसभाको मंगलबार को बैठकमा सांसदहरूले रसुवा बाढीपछि उद्धार तथा राहत वितरणको चरण करिब समाप्त भएकाले अब पुनः स्थापना र पुनःनिर्माणको कामलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

विशेष समयमा भाग लिनुहुने सांसदहरूले बाढी प्रभावित क्षेत्रमा यथासक्य छिटो सडक सञ्जाल निर्माण गरी आवत-जावतसहित अत्यवश्यक सामग्री उपलब्ध गराउन र बाढी पीडित जनतालाई गाँस- बासको उचित व्यवस्थासहित जीविकोपार्जन को प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रचना खतिवडा खड्काले सुशासन र परिवर्तनको पक्षमा भएको 'जेनजी' आन्दोलन पछिको उपलब्धिलाई आत्मसाथ गर्न, सो आन्दोलनमा सहिद भएकालाई सम्मान गर्न र अनावश्यक तर्कसहित सहिद परिवारलाई थप दुःखी नबनाउन अनुरोध गर्नुभयो ।

सांसद सीता थपलियाले पछिल्ला दिनमा हाम्रा 'युवा' मा चरम निरासासहित असन्तुष्टि देखिएकाले त्यसतर्फ राज्यसंयन्त्रको ध्यान नगए मुलुक अप्ठ्यारोमा पर्नसक्ने धारणा व्यक्त गर्नुभयो । सांसद राजेन्द्रकुमार राईले धनकुटामा 'बाँदर आतङ्क' भएको भनी पटकपटक आवाज उठाउँदा पनि सुनुवाइ नभएकामा असन्तोष व्यक्त गर्नुभयो ।

सांसद भीमकुमारी बुढामगर ले सरकार गठन भएको करिब छ महिना बितिसक्दा पनि जेनजी आन्दोलनको भावना, सहिदको सपना र आमजनताको अपेक्षा पूरा नभएको आरोप लगाउनुभयो । सांसद ध्रुवराज राईले रसुवा बाढीमा परी जनधनको अपूरणीय क्षति भएकामा दुःख व्यक्त गर्दै बाढी प्रभावितको व्यवस्थापनलाई उच्च प्राथमिकता दिन सरकारसँग अनुरोध गर्नुभयो ।

# २०औँ एसियाली खेलकुद: बक्सिङका चन्द्रबाहदुर प्रतियोगिताबाट बाहिरिए

काठमाडौँ । जापानको इची-नागोयामा भइरहेको २०औँ एसियाली खेलकुद प्रतियोगिता अन्तर्गत पुरुष बक्सिङतर्फ ५५ किलो तौल समूहमा नेपाली खेलाडी चन्द्रबाहदुर थापा पराजित भएका छन् । उनी भारतीय खेलाडीसँग पराजित भएका हुन् ।

जापानको नागोयास्थित निशिओ जिम्नेसियममा मंगलबार भएको खेलमा नेपाली बक्सर थापा पहिलो चरणमै पराजित भए ।

उनी भारतीय खेलाडी जादुमनी सिंह मन्डेङगबामसँग ५-० अङ्कले पराजित भएका हुन् । योसँगै जारी एसियाली खेलकुदमा उनको यात्रा टुङ्गिएको छ । बक्सर थापाले गत वर्ष संयुक्त अरब इमिरेट्स (युएई) मा सम्पन्न आइबा विश्व बक्सिङ च्याम्पियनसिपमा नेपाललाई कास्य पदक दिलाएका थिए । यसैगरी सोही स्थानमा हिजो (मंगलबारै) भएको महिला बक्सिङतर्फ ५१ किलो तौल समूहमा नेपालका रमिशा श्रेष्ठ पराजित भइन् । उनी भियतनामकी खेलाडी एनगुयीन थी टमसँग ५-० अङ्कले नै पराजित भइन् ।

अब बक्सिङमा नेपालका रविन नेपाल (९० किलो), खगेन्द्र रोकामगर (६० किलो), चन्द्रबहादुर थापा (५५ किलो), अस्मिता दुवाल (५४ किलो) र कुसुम तामाङ (६५ किलो)ले प्रतिस्पर्धा गर्न बाँकी छ ।

# बजेट शून्यताको अवस्था छिटो अन्त्य गर्न कांग्रेस संसदीय दलको आग्रह

सुदूरपश्चिम । नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलले प्रदेशमा बजेट शून्यताको अवस्था छिटो अन्त्य गर्न सरकारलाई आग्रह गरेको छ ।

मंगलबार बसेको संसदीय दलको बैठकले बजेटको अभावमा प्रदेश सरकारका नियमित काम कारबाही, विकास निर्माण तथा सार्वजनिक सेवा प्रभावित हुन थालेको जनाउँदै तत्काल बजेट सम्बन्धी प्रक्रिया टुङ्ग्याउन सरकारको ध्यानाकर्षण गराएको हो । संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको बैठकले प्रदेश सरकार सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था नहुँदा नियमित प्रशासनिक कामसमेत प्रभावित हुने अवस्था सिर्जना भएको उल्लेख गर्दै आगामी असोज १५ गतेभित्र बजेट पारित गर्न गरी प्रक्रिया टुङ्ग्याउन सरकारसँग आग्रह गरेको प्रदेशसभा तुल्सी देवकोटाले जानकारी दिनुभयो ।

चाडपर्व नजिकिँदै गएको समयमा अत्यावश्यक सेवा प्रवाहमा समेत बजेट शून्यताको असर पर्न थालेको भन्दै बैठकले नागरिकका दैनिक सरोकारका सेवा प्रभावित हुन नदिन आग्रह गर्ने निर्णयसमेत गरिएको उहाँले बताउनुभयो । बैठकले बजेट पारित गर्ने विषयमा प्रदेशसभाको प्रभावकारी भूमिका सुनिश्चित गर्दै आवश्यक सहमति र संवादमार्फत निकास खोज्न सरकारसँग आग्रह समेत गरेको छ ।

बजेट शून्यताको अवस्था थप लम्बिदा प्रदेशको विकास, सेवा प्रवाह र प्रशासनिक गतिविधिमा थप असर पर्नेतर्फ गम्भीर बन्न सरकारलाई आग्रहसमेत गरिएको छ । यसअघि तत्कालीन मुख्यमन्त्री शाहले प्रदेशसभामा आर्थिक वर्ष २०८३/ ८४ को बजेट पेस गरिसकेको अवस्थामा सरकार फेरिएपछि हालसम्म बजेट ल्याइएको छैन ।

# प्रधानमन्त्री अमेरिका प्रस्थान, यस्तो छ न्युयोर्कको कार्यतालिका

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औं महासभामा सहभागी हुन नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै आज अमेरिकाको न्युयोर्कतर्फ प्रस्थान गर्नुभएको छ ।

उहाँ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मंगलबार (हिजो) साँझ कतार एयरवेजको विमान मार्फत कतारको दोहा हुँदै त्यसतर्फ प्रस्थान गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

प्रधानमन्त्री शाहलाई कतार को दोहास्थित हमाद अन्तराष्ट्रिय विमानस्थलमा कतारका लागि नेपालका कार्यवाहक राजदूत कुमार राई र दूतावासका वरिष्ठ अधिकारीहरूले स्वागत गर्नुहुनेछ । प्रधानमन्त्री शाह दोहाबाट स्थानीय समयअनुसार बुधबार १:४५ बजे न्युयोर्कतर्फ प्रस्थान गर्नुहुनेछ । उहाँलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तरराष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत शरदराज अरनलगायतका अधिकारीहरूले स्वागत गर्नुहुनेछ ।

सोही दिन प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा पुग्नुहुनेछ । त्यहाँ उहाँलाई भ्रमणका विषयमा परराष्ट्र सचिव, संयुक्त राष्ट्रसङ्घा लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत र न्यूयोर्कस्थित नेपालका महावाणिज्य दूतले ब्रिफिङ गर्नुहुनेछ । त्यसलगत्तै प्रधानमन्त्री शाह उहाँको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधि हरूले आयोजना गर्ने समारोहमा सरिक हुनुहुने कार्यक्रम छ ।

असोज ८ गते प्रधानमन्त्री शाह र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच भेटवार्ता हुनेछ । त्यसलगत्तै



प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घको महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्नुहुनेछ । असोज ९ गते प्रधानमन्त्री शाह न्युयोर्कबाट दोहाका लागि प्रस्थान हुनुहुनेछ । उहाँलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत अरनलगायतका अधिकारीहरूले बिदाइ गर्नुहुनेछ ।

प्रधानमन्त्री शाह यही असोज १० गते शनिबार स्वदेश फर्कने तालिका छ ।

# फिल्म सोसाइटी र चलचित्र कलाकार संघ अमेरिका शाखाद्वारा बाढी पीडितका लागि आर्थिक सहयोग

काठमाडौं । रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाल फिल्म सोसाइटी र नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाले आर्थिक सहयोग उपलब्ध गराएका छन् ।

नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लको नेतृत्वमा रु तीन लाख ३३ हजार ३३३ बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेगरी सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनालाई हस्तान्तरण गरिएको हो ।

त्यसैगरी, नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाका अध्यक्ष दिनेश कार्की र कलाकार मनोज आचार्यले रु एक लाख ५० हजार सहयोग जम्मा गरिएको भौचर मन्त्री तिमिल्सिनालाई हस्तान्तरण गर्नुभयो । दुवै संस्थाबाट गरी बाढी पीडितका लागि रु चार लाख ८३ हजार ३३३ सहयोग उपलब्ध भएको हो । सहयोग हस्तान्तरण कार्यक्रममा चलचित्र कलाकार सङ्घका अध्यक्ष उत्तम केसी, निवर्तमान अध्यक्ष मोहन निरौला, पूर्वअध्यक्ष रवीन्द्र खड्का तथा कलाकार शर्मिला मल्ललगायतको सहभागिता थियो । सो अवसरमा सञ्चारमन्त्री तिमिल्सिनाले विपद्को समयमा चलचित्र क्षेत्रबाट गरिएको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै नेपाली चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरकार आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो । बाढी पीडितको राहत तथा पुनःस्थापनाका कामलाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ छ ।

चलचित्र क्षेत्रलाई उद्योगका रूपमा विकास गर्न नीतिगत, कानुनी तथा आर्थिक पक्षमा सुधार गर्दै अघि बढ्ने सरकारको तयारी रहेको पनि उहाँले जानकारी दिनुभयो । चलचित्र विकास बोर्डलाई सबै चलचित्रकर्मीका लागि प्रभावकारी र समन्वयकारी संस्थाका रूपमा विकास गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । सञ्चारमन्त्री तिमिल्सिनाले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न रु तीन करोड ५० लाख अनुदान विनियोजन गरिएको उल्लेख गर्नुहुँदै उक्त बजेट कार्यान्वयनका लागि 'सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान कार्यक्रमसम्बन्धी कार्यविधि, २०८३' निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो ।

बजेटको उक्त कार्यक्रममार्फत सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो । उहाँले संसद्मा विचाराधीन चलचित्र विधेयकलाई प्रभावकारी र कार्यान्वयनयोग्य बनाउने गरी काम भइरहेको जानकारी दिनुहुँदै चलचित्र क्षेत्रले लामो समयदेखि अपेक्षा गरेको नीतिगत तथा संरचनागत सुधारलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।

# दसैंमा घर जान यातायातको सहज व्यवस्था होस

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले दसैंको समयमा नागरिकहरु देशका विभिन्न भूभागबाट आ-आफ्ना घर जानुपर्ने भएकाले उनीहरुका लागि सार्वजनिक यातायातको राम्रो प्रबन्ध गर्न सरकारसँग माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सचेतक परियारले दसैंका बेला नागरिकहरु विशेषगरी काठमाडौंबाट बाहिर अर्थात् आफ्ना घर जाँदा यात्राका क्रममा गाह्रो हुने गरेकाले यस पटक त्यस्तो नहोस् भनेर सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

सचेतक परियारले दसैंका समयमा लाखौं नागरिकले सार्वजनिक सवारीबाट यात्रा गर्ने भएकाले यात्रालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सरकारसँग माग गर्नुभएको हो । उहाँले हरेक वर्ष दसैं मनाउन काठमाडौं उपत्यकाबाट मात्रै १५ लाखभन्दा बढी नागरिक आफ्नो थातथलो फर्किने गरेका तथ्याङ्क प्रस्तुत गर्दै विगतका वर्षमा नागरिकले भोग्दै आएको सास्ती अहिले कुनै पनि हालतमा भोग्नु नपरोस् भनेर अहिल्यैदेखि सरकारले काम गर्नुपर्ने बताउनुभयो । सचेतक परियारले भन्नुभयो, “पहिले त टिकट पाउनै महाभारत, अनि भेडाबाख्राझैं कोचिएर यात्रा गर्नुपर्ने बाध्यता । एकातिर बाटोका खाल्डाखुल्डीले थिलथिलो बनाउँछ भने अर्कोतिर मनपरी भाडाले नागरिक प्रताडित छन् ।”

देशभरका मुख्य राजमार्गमा रहेका खाल्डाखुल्डी तत्काल पुरेर यातायात सहज बनाउने काममा अहिलेदेखि नै लाग्न र टिकट बुकिङ्लाई पनि व्यवस्थति गर्न सचेतक परियारले आग्रह गर्नुभयो ।

# फुर्केखोलामा पुल निर्माण गर्न उद्योगी–व्यवसायीको माग

धादिङ । रसुवा बाढीले बगाएको फुर्केखोला पुल तत्काल निर्माण गरी पृथ्वी राजमार्गसँग सम्पर्क पुनः स्थापना गर्न उद्योगी-व्यवसायीले माग गरेका छन् ।

धादिङ उद्योग वाणिज्य सङ्घको नेतृत्वमा जिल्लाका उद्योगी-व्यवसायीले प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई ध्यानाकर्षणपत्र बुझाउँदै पुल निर्माण, वैकल्पिक सडक मर्मत सम्भार तथा बाढी प्रभावित उद्योग-व्यवसायको पुनःस्थापनाका लागि विशेष राहतको व्यवस्था गर्न माग गरेका हुन् ।

गत भदौ १० गतेको बाढीले त्यहाँको पुल बगाएपछि धादिङबेंसी सहित जिल्लाको मध्य तथा उत्तरी क्षेत्रका आठ स्थानीय तहको पृथ्वी राजमार्गसँगको सिधा सडक सम्पर्क टुटेको छ ।

वैकल्पिक सडक साँघुरो र अप्ठ्यारो हुँदा यातायात सञ्चालनमा कठिनाइ भएको उल्लेख गर्दै व्यवसायीले स्थायी पुल निर्माण नहुँदासम्म तत्काल अस्थायी बेलीब्रिज निर्माण गरी आवागमन सहज बनाउन आग्रहसमेत गरेका छन् ।

पृथ्वी राजमार्गका विभिन्न खण्डमा पहिरो तथा बाढीले क्षति पुर्याउँदा आवतजावतसँगै दैनिक उपभोग्य वस्तुको आपूर्तिसमेत प्रभावित भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । बाढीबाट प्रभावित उद्योगी-व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाबाट लिइएको कर्जाको साँवा-ब्याज भुक्तानीमा कम्तीमा एक वर्षको मिनाह गरिदिन माग गरिएको छ । क्षतिको आधारमा ब्याजमा सहुलियत तथा आंशिक मिनाहा, कर्जा पुनःसंरचना र पुनर्तालिकीकरणको व्यवस्था गर्न तथा प्रभावित ऋणीलाई कालोसूचीमा पर्नबाट जोगाउन नेपाल राष्ट्र बैंकमार्फत आवश्यक व्यवस्था गर्न पनि ज्ञापन पत्रमा आग्रह गरिएको छ । दसैं-तिहारलगायत चाडपर्व नजिकिँदै गर्दा सडक सञ्जाल र आपूर्ति व्यवस्थालाई सहज तुल्याउन प्रभावकारी अभियान अघि बढाउन सङ्घका अध्यक्ष रामकुमार डल्लाकोटीले आग्रह गर्नुभयो ।

# मानवअधिकार विकासका लागि स्थानीय तहको भूमिका प्रभावकारी बनाउन आवश्यक

सुदूरपश्चिम । नागरिकसँग सबैभन्दा नजिक रहेका स्थानीय तहले मानवअधिकारमैत्री विकास, नागरिक संरक्षण र प्रवर्द्धनलाई आफ्नो शासनको मूल आधार बनाउनुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले मंगलबार कैलालीको धनगढीमा आयोजना गरेको ‘मानवअधिकार सुनिश्चितताका लागि स्थानीय तहको भूमिका’सम्बन्धी कार्यक्रममा संविधानले प्रत्याभूत गरेका मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण रहेकाले मानवअधिकारमैत्री सेवा प्रवाहका लागि जोड दिइएको हो ।

स्थानीय तहले नेपालको संविधान, ऐन, कानुन र नेपाल पक्ष राष्ट्र भएका विभिन्न महासन्धिको मर्मअनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, पूर्वाधार, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, महिला तथा बालबालिकाको संरक्षण, दलित तथा सीमान्तकृत समुदायको अधिकार र न्यायमा पहुँचजस्ता विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने सरोकारवालाको भनाइ थियो ।

कार्यक्रममा स्थानीय तहबाट प्रदान गरिने सेवामा जात, लिङ्ग, भाषा, धर्म, आर्थिक अवस्था, अपाङ्गता वा अन्य कुनै आधारमा विभेद हुन नदिन तथा पछाडि परेका समुदायको राज्यका सेवा र अवसरमा समान पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यस्तै, नेपालमा नागरिक तथा राजीतिक अधिकारमा उल्लेख्य प्रगति भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुदृढीकरणमा ध्यान नदिँदा नागरिक असन्तुष्टि बढिरहेको भन्दै अब विकास गतिविधि यसतर्फ केन्द्रीत हुनुपर्नेमा जोड दिइएको थियो । जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीकाकुमारी चौधरी (भुल)ले संविधानले दिएका अधिकारको व्यवहारिक कार्यान्वयन का लागि तीनै तहका सरकार र सरोकारवाला गम्भीर बन्नुपर्ने बताउनुभयो । उहाँले अधिकार खोज्ने तर कर्तव्य बिर्सिने अवस्थाको अन्त्य गर्दै दुवैलाई समन्वयात्मक रूपमा पालना गर्न आवश्यक रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा सहभागी कैलालीका १३ वटै स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, धनगढी उपमहानगरपालिकाका १९ वटै वडाका अध्यक्ष, ती स्थानीय तहका मानवअधिकार सम्पर्क अधिकारी लगायत प्रतिनिधिको सहभागिता रहेको थियो । मोहन्याल गाउँपालिकाका अध्यक्ष देविदत्त सापकोटाले स्थानीय तहमाथि जनअधिकार सम्बोधनका लागि धेरै जिम्मेवारी रहे पनि जनशक्ति, विषय विज्ञता, स्रोतको सीमिततालगायत कारणले समस्या हुने गरेको बताउनुभयो । उहाँले अधिकांश स्थानीय तहले संविधान अनुसार बनाउनुपर्ने धेरैजसो कानुन निर्माण गरिसकेका र बाँकी रहेका कानुन पनि निर्माण गरी कार्यान्वयनमा लगिने बताउनुभयो ।

आयोगका सुदूरपश्चिम कार्यालय प्रमुख सहसचिव प्रकाशदत्त भट्टले मानवअधिकार र स्थानीय तहका जिम्मेवारीलगायत विषयबारे कार्यपत्र प्रस्तुत गर्दै मानवअधिकारका दृष्टिकोणबाट आफ्नो विकास योजनाको नियमित समीक्षा गर्दै थप सुधार गर्दै लैजान आग्रह गर्नुभयो । नियमित गरिने विकास गतिविधिलाई मानव अधिकारको कोणबाट हेरेर कार्यान्वयन गर्न सकेमा स्थानीय तहमा माथि उठ्दै आएका धेरै विषय सम्बोधन हुने उहाँको भनाइ थियो ।

कार्यालय प्रमुख भट्टले मानवअधिकारको विषय राष्ट्रिय चासो र सरोकारको विषय मात्र नभई अन्तराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको अनिवार्य दायित्वसमेत भएकाले स्थानीय तहले कानुनी तथा संस्थागत संयन्त्रलाई सोहीअनुसार प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले स्थानीय तहका न्यायिक समितिलाई पहुँचयोग्य, निष्पक्ष र पीडितमैत्री बनाउन, नागरिकलाई आफ्नो अधिकार, सेवा प्राप्त गर्ने प्रक्रिया तथा कानुनी उपचारका विषयमा जानकारी गराउनु का साथ साथै संविधानले परिकल्पना गरेको आदर्श नागरिक बनाउन कर्तव्यबारे पनि अनिवार्य जानकारी दिन आग्रह गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com